बागमती प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश लेखा नियन्त्रक कार्यालय

हेटौंडा, नेपाल

प.सं.: २०८१/०८२

च.नं.: ९२९

मितिः- २०८२/०२/३०

**विषयः- चालु आर्थिक वर्ष २०८१/०८२ को आर्थिक कारोबारको खाता बन्दी सम्बन्धमा।**

श्री प्रदेश लेखा इकाई कार्यालय (कोष तथा लेखा नियन्त्रक कार्यालय), सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, रसुवा।

श्री प्रदेश लेखा इकाई कार्यालय, काठमाण्डौ, चितवन, काभ्रेपलाञ्चोक, धादिङ्ग र नुवाकोट।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६१ मा प्रदेश तथा स्थानीय सरकारले आर्थिक कार्यविधि सम्बन्धी कानून बनाउँदा यस ऐनको प्रतिकुल नहुने गरी बनाउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ। नेपाल सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम ७ मा प्रदेश तथा स्थानीय तहको विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको खर्च शीर्षकको हकमा बाहेक अन्य बजेट शीर्षक अन्तर्गत पर्ने भुक्तानी दिनु पर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाडि भुक्तानी दिई लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ। तसर्थ चालु आर्थिक वर्षको भुक्तानी दिनु पर्ने रकम २०८२ आषाढ २५ गते भित्र भुक्तानी दिई निकासा बन्द गर्ने र सोभन्दा पछि मसान्त सम्म हिसाब मिलान गर्ने प्रयोजनमा बाहेकका भुक्तानी आदेश प्रदेश लेखा इकाई कार्यालयमा नपठाउन र खाता बन्दी तथा सालतमाम सम्वन्धमा तपशिल बमोजिम गर्नु हुन अनुरोध छ।

१) चालु आर्थिक वर्षको भुक्तानी दिनु पर्ने रकम २०८२ आषाढ २५ गते भित्र भुक्तानी दिई निकासा बन्द गर्नु/गराउनु हुन।

२) आ-आफ्नो कार्यालयको हालसम्मको (जेठ महिना व्यतित भए पछि आषाढ ७ गतेभित्र जेठ महिना सम्मको) विनियोजन, राजश्व, धरौटी, र विविध (कार्य सञ्चालन कोष) तर्फको फाँटवारीहरु तयार गरी TSA System बाट प्राप्त फाँटवारी मेल मार्फत लिई भिडान गर्नु/गराउनु हुन।

३) दायित्व सृजना भई सकेका कामको समयमा नै भुक्तानी दिई आर्थिक वर्षको अन्त्यमा एकै पटक भुक्तानी गर्ने प्रचलनलाई निरुत्साहित गर्नु/गराउनु हुन।

४) सम्पत्ति तथा जिन्सी मौज्दात PAMS V2 बाटै लेखाङ्कन गरी मासिक तथा वार्षिक प्रतिवेदनहरु तयार गर्नु/गराउनु हुन।

५) ठेक्का बिल भुक्तानी गर्दा कट्टा गरिएको TDS, धरौटी, निर्माण व्यवसायी कोष तथा VAT का चेकहरु समयमा नै दाखिला गर्नु/गराउनु हुन।

प्रदेश लेखा नियन्त्रक

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
# प्रदेश लेखा नियन्त्रक कार्यालय
हेटौंडा, नेपाल

प.सं.: २०८१/०८२
मिति:- २०८२/०२/३०
च.नं.:

६) EFT कारोवार असफल भए पश्चात Refund गरी के कारणले Reject भएको हो पत्ता लगाई पुनः भुक्तानीका लागि पेश गर्नु/गराउनु हुन।

७) चेक भुक्तानीको चेक साटने म्याद भित्र राजश्व, धरौटी, तथा अन्य चेकहरु साट्ने तर्फ विशेष ध्यान दिने व्यवस्था गर्नु/गराउनु हुन।

८) पेश्की फिर्ता गर्दा बैंक दाखिला गरेको बैंक भौचर नम्बर सहित समायोजन भुक्तानी आदेश पठाउने व्यवस्था गर्नु/गराउनु हुन।

९) आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज हुनबाट रोक्ने उद्देश्यले पेश्की दिने वा अन्य खातामा राख्न नपाइने व्यवस्थाको पालना गर्नु/गराउनु हुन।

१०) कार्यालय प्रमुख/प्रशासकीय प्रमुखले प्रत्येक महिना राजश्व उठ्न छुट भए वा नभएको र राजश्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए नभएको, लगती तथा हसबली राजश्वको लेखा रहे/नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गराउने व्यवस्था गर्नु/गराउनु हुन।

११) RMIS अनुसार राजश्व बैंक दाखिलाको राजश्व आम्दानी बाँधी फाँटवारी अद्यावधिक गराउने व्यवस्था गर्नु/गराउनु हुन।

१२) राजश्व दाखिला भौचरबाट सेवा दिनु पूर्व बैंक दाखिला भिडान गर्नु/गराउनु हुन। साथै आश्विन मसान्त पछि कुनै पनि राजश्व भौचरको विवरण संशोधन गर्न नसकिने कानूनी व्यवस्थालाई पालना गर्नु/गराउनु हुन।

१३) कार्यालयबाट जारी भएका चेक तथा EFT हरु आर्थिक वर्ष भित्र फरफारक गरी सक्नु पर्नेछ। यदि चेक नसाटिएमा वा EFT गरेको रकम खातामा जम्मा नभएमा कार्यालयहरुको खर्च घटाई कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा इकाई कार्यालयमा दुबैको हिसाब भिडान गर्ने व्यवस्था गर्नु/गराउनु हुन।

१४) भुक्तानी पाउने व्यक्ति/संस्थाको नाम, निजको खाता रहेको बैंकको नाम र खाता नम्बर फरक परेको लगायत अन्य कारणले EFT मार्फत भएको भुक्तानी निकासा सम्बन्धित पक्षको बैंक खातामा जम्मा नभई आर्थिक वर्ष समाप्त भएमा भुक्तानी निकासा माग गर्ने कार्यालय स्वयम् जिम्मेवार हुने व्यवस्थाको कार्यान्वयन गर्नु/गराउनु हुन।

१५) तोकिएका खर्च शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिन भुक्तानी बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र पेश गर्नु पर्ने व्यवस्थालाई कार्यान्वयन गर्नु/गराउनु हुन।

प्रदेश लेखा नियन्त्रक

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
# प्रदेश लेखा नियन्त्रक कार्यालय
हेटौंडा, नेपाल

प.सं.: २०८१/०८२

मितिः- २०८२/०२/३०

च.नं.:

१६) आर्थिक वर्ष समाप्त भएको २१ दिन भित्र कार्यालयको विनियोजन, राजस्व, धरौटी पेश्की बाँकी विवरण र सम्पत्ति तथा दायित्वको विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा पेश गर्ने व्यवस्था गर्नु/गराउनु हुन।

१७) कार्यालयहरुबाट आर्थिक वर्ष भित्र भएको नगदी, जिन्सी तथा अन्य आय-व्ययको आर्थिक कारोवारको आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा पेश गर्ने व्यवस्था गर्नु/गराउनु हुन।

१८) आर्थिक वर्ष समाप्त भए लगत्तै विनियोजन, राजस्व, धरौटी तथा विविध तर्फ सबै कारोबारका स्रेस्ताहरु दुरुस्त र अध्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्वन्धित प्रदेश लेखा इकाई कार्यालयबाट तोकिएका कर्मचारीहरुबाट आन्तरिक लेखापरीक्षणको कार्य गर्नु/गराउनु हुन।

१९) नेपाल सरकारबाट प्राप्त सशर्त, समपुरक र विशेष अनुदानको बचत रकम यसै आर्थिक वर्ष भित्र संघीय संचित कोषमा फिर्तागर्नु पर्ने कानूनी व्यवस्था भएकोले संघीय सरकारबाट प्राप्त अनुदानमा भएको खर्च पछि सम्म फरक नपर्ने गरी चेक साटन बांकी भए २०८२ आषाढ २८ गते भित्रै चेक साटने व्यवस्था हुन, नसाटिने भए खर्च घटाउने व्यवस्था, पेश्की फिर्ता गर्नु पर्ने भए यथाशीघ्र खर्च घटाउने व्यवस्था हुन, हिसाब समायोजन गर्नु पर्ने भए समायोजन गर्ने व्यवस्था गरी खर्च एकिन गर्ने व्यवस्था हुन।

२०) चालु आर्थिक वर्षमा स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको खर्च नभई बचत भएको रकम यसै आर्थिक वर्षमा प्रदेश लेखा इकाई कार्यालयको चालु वर्षको खर्च खातामा जम्मा गर्न लगाई क्रियाकलापगत खर्चको विवरण माग गरी क्रियाकलापमा खर्च घटाउने व्यवस्था गर्नु/गराउनु हुन। यस चालु आर्थिक वर्षमा फिर्ता नगरेमा आगामी आर्थिक वर्षमा फिर्ता गर्दा प्रदेश लेखा इकाई कार्यालयको कार्यालय कोडमा राजस्व शीर्षक १५११३ मा जम्मा गर्नु पर्नेछ।

(हरि प्रसाद उपाध्याय)
प्रदेश लेखा नियन्त्रक

**बोधार्थः**

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, हेटौडा, मकवानपुर।
श्री महालेखा नियन्त्रक कार्यालय (कोष व्यवस्थापन तथा प्रणाली विकाश शाखा), अनामनगर काठमाडौं।